# परमेश्वरले सबै कुरा बनाउनुहुँदा




**लेखन** Edward Hughes
**चित्र** Byron Unger; Lazarus

**अनुवाद** B.K. Shrestha
**संयोजन** Bob Davies; Tammy S.


## ६० कथाहरूमध्ये पहिलो कथा


**M1914.org**

**Bible for Children, PO Box 3, Winnipeg MB  R3C 2G1  Canada**



अनुमतिपत्र: यो कथा सित्तैंमा वितरण गर्नको निम्ति मात्र प्रतिलिपि गर्न वा छाप्न अनुमति दिइएको छ तर बिक्रीका लागि होइन ।




हामीलाई कसले बनायो ? परमेश्वरको वचन बाइबलले मानवजातिको सुरुवात् कसरी भयो भनी बताउँछ। धेरै पहिला परमेश्वरले पहिलो मानिस बनाउनुभयो र तिनको नाम आदम राख्नुभयो ।





परमेश्वरले आदमलाई भूमिको धूलोबाट बनाउनुभयो । परमेश्वरले आदमभित्र जीवनको स्वास फुकिदिनुभएपछि तिनी जीवित बने । अनि तिनलाई अदन भनिने सुन्दर बगैंचामा राखियो ।





परमेश्वरले आदमलाई भन्नुभयो, "तिमीले बगैंचाबाट जे मन लाग्छ खाऊ । तर असल र खराबको ज्ञान दिने रूखको फलचाहिँ नखानू । त्यो रूखको फल खायौ भने तिमी अवश्य मर्नेछौ ।"





अनि परमप्रभु परमेश्वरले भन्नुभयो, "मानिस एक्लै रहनु असल छैन । म उसको निम्ति एकजना सहयोगी बनाउनेछु ।" परमेश्वरले आदमको सामु सबै चराहरू र जनावरहरू ल्याउनुभयो ।





आदमले ती सबैको नाम राखे । तिनले अत्यन्त चलाखीसाथ त्यो काम गरे । तर ती सबै चराहरू र जनावरहरूको माझमा आदमको लागि सुहाउने जोडी पाइएन ।





परमेश्वरले आदमलाई गहिरो निद्रामा पार्नुभयो । अनि तिनको एउटा करङ्ग झिकेर त्यसबाट परमेश्वरले स्त्री बनाउनुभयो । यसरी परमेश्वरले बनाउनुभएको स्त्री आदमको निम्ति अत्यन्त सुहाउने जोडी भइन् ।





परमेश्वरले छ दिनमा सबै कुरा बनाउनुभयो । त्यसपछि परमेश्वरले सातौं दिनलाई आशिष् दिनुभयो र त्यसलाई विश्रामको दिन बनाउनुभयो । अदनको बगैंचामा आदम र तिनकी श्रीमती हव्वा परमेश्वरको आज्ञा पालन गर्दै खुसीसाथ बसे । परमेश्वर तिनीहरूका मालिक, पालनहार र मित्र हुनुहुन्थ्यो ।



परमेश्वरले सबै कुरा बनाउनुहुँदा

परमेश्वरको वचन बाइबलबाट लिइएको कथा

जुन

उत्पत्ति १-२
मा पाइन्छ

"तपाईंका वचनको व्याख्याले ज्योति प्रदान गर्छ ।"
भजनसंग्रह ११९:१३०

हामीले खराब कामहरू गरेका छौं भन्ने परमेश्वर जान्नुहुन्छ जसलाई उहाँ पाप भन्नुहुन्छ । पापको सजाय मृत्यु हो ।

परमेश्वरले हामीलाई यति धेरै प्रेम गर्नुहुन्छ कि हाम्रा पापको निम्ति क्रूसमा मरेर सजाय भोग्न उहाँले आफ्ना एकमात्र पुत्र येशूलाई पठाउनुभयो । त्यसपछि प्रभु येशू फेरि जीवित हुनुभयो र स्वर्ग फर्किजानुभयो ! अब परमेश्वरले हाम्रा पापहरू क्षमा गर्न सक्नुहुन्छ ।

यदि तिमी आफ्ना पापहरूदेखि फर्किआउन चाहन्छौ भने परमेश्वरलाई यसो भन: प्यारो परमेश्वर, प्रभु येशू मेरो निम्ति मर्नुभयो र अहिले फेरि जीवित हुनुभएको छ भनी म विश्वास गर्दछु । कृपा गरी मेरो जीवनमा आउनुहोस् र मेरा पापहरू क्षमा गर्नुहोस् ताकि मैले अहिले नयाँ जीवन पाउन र सधैंभरि तपाईंसँग बस्न सकूँ । तपाईंको सन्तान भएर तपाईंको निम्ति जिउन मलाई सहायता गर्नुहोस् । आमेन । यूहन्ना ३:१६

दिनहुँ बाइबल पढ र परमेश्वरसँग कुराकानी गर !

नेपाली                    Nepali



परमेश्वरले आदमलाई बनाउनुभन्दा पहिला अति सुन्दर कुराहरूले भरिएको मनमोहक संसार बनाउनुभयो ।
3
एकएक गरी परमेश्वरले डाँडाहरू र मैदानहरू, सुगन्धित फूलहरू र अग्ला रूखहरू, अनि रङ्गिचङ्गी चराहरू र भूँभूँ गर्दै उड्ने माहुरीहरू, आहाल खेल्ने ह्वेल र चिप्लेकिराहरू बनाउनुभयो ।
4
वास्तवमा परमेश्वरले संसारमा पाइने सबै कुरा बनाउनुभयो – सबै कुरा ।
5
सबैभन्दा सुरुमा, परमेश्वरले कुनै पनि कुरा बनाउनुभन्दा अगाडि, परमेश्वरबाहेक केही पनि थिएन । कुनै मानिस, कुनै ठाउँ वा कुनै कुरा पनि थिएन । केही पनि थिएन । उज्यालो र अँध्यारो थिएन । डाँडा र खोँच थिएन । हिजो र भोलि थिएन । परमेश्वरमात्र हुनुहुन्थ्यो जसको कुनै सुरुवात् थिएन । त्यसपछि परमेश्वरले काम गर्नुभयो ।
6
सबैभन्दा सुरुमा परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभयो ।
7
अनि पृथ्वी आकारबिनाको र शून्य थियो । अनि चारैतिर अन्धकार थियो । तब परमेश्वर बोल्नुभयो, “उज्यालो होस् ।”
8
अनि उज्यालो भयो । परमेश्वरले उज्यालोलाई दिन र अँध्यारोलाई रात भन्नुभयो । अनि पहिलो दिनको साँझ पऱ्यो र बिहान भयो ।
9
दोश्रो दिनमा परमेश्वरले महासागर, समुद्र र तालका पानीलाई आकाशमुनि मिलाएर राख्नुभयो । तेश्रो दिनमा परमेश्वरले भन्नुभयो, “सुक्खा जमीन देखियोस् ।” अनि त्यसो नै भयो ।
10
परमेश्वरले घाँस र फूलहरू अनि बोट र रूखहरू देखिऊन् भनेर पनि आज्ञा गर्नुभयो । अनि ती देखा परे । अनि तेश्रो दिनको साँझ पऱ्यो र बिहान भयो ।
11
त्यसपछि परमेश्वरले घाम र जून अनि कसैले पनि गन्न नसक्ने गरी अति धेरै ताराहरू बनाउनुभयो । अनि चौंथो दिनको साँझ पऱ्यो र बिहान भयो ।
12
त्यसपछि परमेश्वरले जलजन्तुहरू, माछा र चराहरू बनाउनुभयो । पाँचौं दिनमा उहाँले विशाल र सुक्ष्म माछाहरू, लामो खुट्टा हुने असट्रिच र खुसी हुँदै उड्ने फिस्टे चरा बनाउनुभयो ।
13
परमेश्वरले पृथ्वीको पानीमा खेल्ने हरेक किसिमका माछा अनि जमीन, समुद्र र आकाशमा रमाउँदै डुल्ने हरेक किसिमका चराचुरुङ्गी बनाउनुभयो । अनि पाँचौं दिनको साँझ पऱ्यो र बिहान भयो ।
14
त्यसपछि परमेश्वर फेरि बोल्नुभयो । उहाँले भन्नुभयो, “पृथ्वीमा जीवित जन्तुहरू होऊन्....” अनि हरेक किसिमका जनावर, कीरा र घस्रने जन्तुहरू उत्पत्ति भए । जमीनै हल्लाउने हात्तीहरू र व्यस्त रहने बिभरहरू देखा परे । उपद्रो गर्ने बाँदरहरू र भद्दा गोहीहरू । बाङ्गाटिङ्गा गड्यौलाहरू र अभद्र लोखर्केहरू । अग्ला जिराफहरू र घुर्ने बिरालाहरू । त्यस दिन परमेश्वरले सबै किसिमका जनावर बनाउनुभयो ।
15
अनि छैटौं दिनको साँझ पऱ्यो र बिहान भयो ।
16
परमेश्वरले छैटौं दिनमा अर्को काम पनि गर्नुभयो – जुन अत्यन्त विशेष थियो । अब सबै कुरा मानिसको निम्ति तयार थियो । मानिसको लागि जमीनमा खाने कुरा र सहायता गर्ने जनावरहरू थिए ।
17
अनि परमेश्वरले भन्नुभयो, “मानिसलाई हाम्रै स्वरूपमा बनाऔं । उसले पृथ्वीको हरेक कुरामाथि अधिकार गरोस् ।” त्यसैले परमेश्वरले मानिसलाई उहाँकै स्वरूपमा बनाउनुभयो । परमेश्वरले आफ्नै प्रतिरूपमा मानिसलाई बनाउनुभयो...
18